# Online सरुवा  निवेदन  दर्ता  गर्न आवश्यक  कागजातहरु

१.  सरुवाको सहमति पत्र भएमा - हाल कार्यरत निकायको सहमतिपत्रको SCAN COPY

- सरुवा हुन चाहेको निकायको सहमतिपत्रको SCAN COPY
- अन्य सहमतिपत्रको SCAN COPY ( जस्तै:- निर्वाचन आचारसंहिताको समयमा निर्वाचन आयोगको समेत )

नोट:- अन्य सहमतिपत्र भएमा सरुवा हुन चाहेको निकायको सहमतिपत्रसंगै दोस्रो पेजमा सो पत्रको SCAN गर्नुपर्नेछ |

२.  बिरामीको कारणले सरुवा हुन चाहने कर्मचारीको हकमा Medical Boardको सिफारिसको SCAN COPY

# Online सरुवा निवेदन दर्ता गर्ने तरिका

saruwa.moga.gov.np अथवा सामान्य प्रशासन मन्त्रालयको वेबसाईट  www.moga.gov.np मा रहेको अनलाइन सरुवा आवेदनमा click गर्नुहोस् |




Application मा Click गरेपछि तलको वेबपेज खुल्छ | जसमा तपाईंले सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ | आवेदन दिनको लागि भरिने विवरण निजामती किताबखानाको विवरणसंग मिल्नु जरुरी छ |




यसरी भरेको विवरण सहि भएमा तपाईंले हालसम्मको आफ्नो सेवाकिताबको  विवरण देख्नुहुनेछ |

यदि सोहि विवरण मिलेमा तपाईंले "छ" र नमिलेमा "छैन"  button मा click गरेर Next button मा click गरी प्रक्रिया अगाडि बढाउन सक्नुहुनेछ |

यसभन्दा अगाडी कार्य गरेको विवरण -क्रमागत पछिल्लो आधारमा

| क्र . स. | सेवा परिमाण | निकायको नाम | पद | सेवा/समूह | श्रेणी | कार्यरत अवधि | भौगोलिक क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | काज | जिल्ला पशु सेवा कार्यालय , रुपन्देही | खरिदार | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | रा°प°अनं° द्वितीय श्रेणी | २०७३-०९-१८ देखि २०७३-१०-२७ सम्म | घ |
| २ | पदस्थापन | मालपोत कार्यालय ,कालिकोट | खरिदार | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | रा°प°अनं° द्वितीय श्रेणी | २०७२-०८-२५ देखि २०७३-०९-१८ सम्म | क |
| ३ | सरुवा | भूमि सुधार तथा व्यवस्था मन्त्रालय , काठमाण्डौ | खरिदार | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | रा°प°अनं° द्वितीय श्रेणी | २०७२-०६-१५ देखि २०७२-०८-२५ सम्म | घ |
| ४ | नियुक्ति | जिल्ला हुलाक कार्यालय , कालिकोट | खरिदार | नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समूह | रा°प°अनं° द्वितीय श्रेणी | २०६९-१०-१५ देखि २०७२-०६-१५ सम्म | क |

माथि उल्लेखित तपाईको हालसम्मको सेवा किताबमा भएको विवरण सही छ ? ◉छ ○छैन

Next

यदि विवरण नमिलेमा सम्वन्धित कागजातपत्र निजामती किताबखाना, हरिहरभवनमा अथवा निकायको ईमेल info@pis.gov.np मा अथवा वेबसाइट www.pis.gov.np को "विवरण सच्याउन" मा अथवा FAX 5010217 मा पठाई आफ्नो विवरण सच्याउनुहोस् । यसरी अद्यावधिक भएपछि मात्र तपाईंले सरुवा आवेदन पुनः भर्न सक्नु हुनेछ ।

तल उल्लेखित सरुवा हुन चाहेको कारण र निकाय प्राथमिकताका आधारमा भरी Next button मा click गर्नुहोस् । ( निवेदकले कम्तिमा एउटा कारण र कम्तिमा एउटा निकाय भर्नैपर्ने हुन्छ । )




तल देहायका आधारहरुमा चिन्ह लगाउनुहोस् र चाहिएको कागजात पत्र upload गरि प्रक्रिया अगाडि बढाउन Next button मा click गर्नुहोस् ।




यदि आफुले भरेको विवरण रुजु गर्नु परे Back button मा click गर्नुहोस् र पुन: प्रक्रिया दोहोर्याई सबै विवरण ठिक छ भने मात्र Submit button मा click गर्नुहोस् ।

अब तपाईंको निवेदन सरुवाको प्रक्रियामा गयो र यसलाई Download र Print गरि दर्ता नं सुरक्षित रूपमा राख्नुहोस् ।